श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. ३४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### राष्ट्रिय वाणिज्य बैंकको स्थापना र व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावनाः– सर्वसाधारण जनताको सुबिधा र आर्थिक हितका लागि श्री ५ को सरकारद्वारा सम्पूर्ण पूंजी लगाई एक राष्ट्रिय वाणिज्य बैंकको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१" रहेको छ ।

E29

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "बैंक" भन्नाले यस ऐन अन्तर्गत स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकलाई सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले यो ऐन अन्तर्गत गठन गरिएको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(ग) "सञ्चालक" भन्नाले यस ऐन बमोजिम नियुक्त भएको बैंकको सञ्चालकलाई सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउंछ ।

(घ) "बैंक कारोवार" भन्नाले माग्नासाथ वा कुनै निर्धारित समय पछि प्रचलित तरीका अनुसार भुक्तानी दिने गरी बैंकले कर्जा वा लगानीमा लगाउनको निमित्त अरुबाट नगदको डिपोजिट स्वीकार गर्ने काम कारवाइलाई सम्झनु पर्छ ।

(ङ) "सुरक्षण" भन्नाले कर्जा दिंदा कानून बमोजिम धितो राख्न सकिने सम्पत्ति वा तत्सम्बन्धी कागजातलाई सम्झनु पर्छ ।

(च) "प्रतित पत्र" (लेटर अफ् क्रेडिट) भन्नाले एक बैंकले अर्को बैंकका नाममा फलानाको यति रुपैयांले खाने सम्मको चेक ड्राफ्ट वा हुण्डी स्वीकार गर्नु भनी लेखेको पत्रलाई सम्झनु पर्छ ।

(छ) "बिल अफ् एक्सचेन्ज" भन्नाले फलाना मितिमा वा मागेका बखत फलानालाई वा निजले दिनु भनेकालाई वा सो लिई आउनेलाई बिनाशर्त यति रुपैयां दिनु भनी कुनै एकले अर्कोलाई दस्तखत गरी दिएको लिखतलाई सम्झनु पर्छ ।

(ज) "प्रोमिसरी नोट" भन्नाले फलाना मितिमा वा मागेको बखत फलानालाई वा निजले दिनु भनेकालाई बिनाशर्त यो रुपैयां दिन्छु भनी बाचा गरी दिएको लिखतलाई सम्झनु पर्छ ।

(झ) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०१२ अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्छ ।

(ञ) "डिवेन्चर" भन्नाले कम्पनीको जायजेथा धितो वा जमानत राखी कम्पनीले जारी गरेको ऋणपत्रलाई सम्झनु पर्छ ।

(ट) "मुद्दती खाता" भन्नाले निश्चित म्यादसम्ममा बैंकमा जम्मा रहने गरी राखेको रुपैयांको हर हिसाब लेखिएको खातालाई सम्झनु पर्छ ।

६२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) "चल्ती खाता" भन्नाले मागेका बखत जहिले पनि झिक्न पाउने गरी राखेको रुपैयांको हर हिसाब लेखिएको खातालाई सम्झनु पर्छ ।

(ड) "बचत खाता" भन्नाले बचत भएको धन सञ्चय गरी राख्न निमित्त बैंकमा राखेको रुपैयांको हर हिसाब लेखिएको खातालाई सम्झनु पर्छ ।

(ढ) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन, २०२१ लाई सम्झनु पर्छ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. बैंकको स्थापना:– (१) राष्ट्रिय वाणिज्य बैंक नाम भएको एउटा बैंकको स्थापना हुनेछ ।

(२) बैंक अवछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त एउटा छुट्टै छाप हुनेछ । यसले यो ऐन र प्रचलित नेपाल कानूनका अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेच बिखन गर्न सक्ने छ । यसले आफ्नो नामबाट नालेस गर्न र यस उपर पनि सोही नामबाट नालेस उजूर लाग्न सक्नेछ ।

४. बैंकको मूल धन:– बैंकको मूल धन एक करोड रुपैयांको हुनेछ ।

५. बैंकको केन्द्रीय अफिस र शाखा:– (१) राष्ट्र बैंकको सल्लाह लिई श्री ५ को सरकारले अन्यथा आदेश दिएमा बाहेक बैंकको केन्द्रीय अफिस काठमाडौंमा रहनेछ ।

(२) श्री ५ को सरकारको स्वीकृति र राष्ट्र बैंकको सल्लाह लिई बैंकले नेपाल अधिराज्य भित्र वा बाहिर जहांसुकै पनि आफ्नो शाखा वा प्रशाखा स्थापित गर्न सक्नेछ ।

६. समितिको गठन र सञ्चालकको पदावधि:– (१) बैंकको रेखदेख तथा प्रबन्ध गर्नको निमित्त श्री ५ को सरकारद्वारा मनोनीत अध्यक्ष सहितको बढीमा ७ जना भएको एक समिति रहनेछ ।

(२) प्रत्येक सञ्चालकको पदावधि निजको नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ ।

तर– दफा ९ मा उल्लेख गरिएको अवस्थामा परी कुनै सञ्चालकको पद रिक्त भएमा र निजको स्थानमा श्री ५ को सरकारले अन्य कुनै व्यक्तिलाई नियुक्ति गरेमा त्यस्तो सञ्चालकको नियुक्ति साबिकवालाको बांकी रहेको अवधिको निमित्त मात्र हुनेछ ।

(३) कुनै सञ्चालकको पदावधि समाप्त भएपछि त्यस्तो व्यक्तिलाई श्री ५ को सरकारले पुनः सो सञ्चालकको पदमा नियुक्त गर्न सक्नेछ ।

७. व्यवस्था:– (१) यस ऐन बमोजिम बैंकले गर्ने सबै काम कारवाइ बैंकको नाममा समितिले गर्नेछ ।

६२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

तर– समितिले कुनै सञ्चालक वा बैंकका अन्य कुनै प्रशासकीय अधिकारीलाई त्यस्तो काम गर्ने अभिभारा सुम्पन सक्नेछ ।

(२) समितिका अध्यक्ष र राष्ट्र बैंकका गभर्नरको सल्लाह लिई बकको कारवाइका सम्बन्धमा श्री ५ को सरकारले बैंकलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु बैंकको कर्तव्य हुनेछ ।

८. सञ्चालकको निमित्त अयोग्यता:– देहायको कुनै एक वा बढी अवस्था भएको व्यक्ति सञ्चालकको पदमा मनोनयन हुन वा कायम रहन अयोग्य हुनेछ:–

(क) एक्काईस वर्ष उमेर नपुगेको व्यक्ति,

(ख) बौलाएका वा मगज बिग्रेको व्यक्ति,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको व्यक्ति,

(घ) सरकारी नोकरीको निमित्त भविष्यमा सामान्यतः अयोग्य ठहरिने गरी त्यस्तो नोकरीबाट बर्खास्त गरिएको व्यक्ति,

(ङ) किर्ते, जालसाजी, ठगी, घूसखोरी, कुनै प्रकारको चोरी वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति, वा

(च) बैंकका कर्मचारीको रूपमा बहाल रहेको व्यक्ति ।

९. सञ्चालकको पद रिक्त हुने अवस्था:– देहायको अवस्थामा सञ्चालकको पद रिक्त भएको मानिनेछ:–

(क) दफा ८ बमोजिम सञ्चालकमा रहन अयोग्य भएमा, वा

(ख) सञ्चालकको पदबाट दिएको राजिनामा श्री ५ को सरकारद्वारा स्वीकृत भएमा, वा

(ग) मृत्यु भएमा, वा

(घ) कुनै मनासिब माफिकको कारणबिना लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा, वा

(ङ) श्री ५ को सरकारको कर्मचारीको रूपमा आफ्नो पदको नाताले सञ्चालक भएका व्यक्ति सो सरकारी पदमा बहाल नरहेमा, वा

(च) दफा १० बमोजिम हटाइएमा ।

१०. सञ्चालकलाई हटाउने:– राष्ट्र बैंकसंग परामर्श गरी उपयुक्त ठहराएमा श्री ५ को सरकारले जुनसुकै बखत कुनै सञ्चालकलाई निजको पदबाट हटाउन सक्नेछ ।

११. सञ्चालकको पारिश्रमिक:– सञ्चालकको पारिश्रमिक तथा भत्ता तोकिए बमोजिमको हुनेछ ।

६२४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. समितिको बैठकः– (१) समितिको बैठक हुने समय र स्थान तत्सम्बन्धी कार्य विधि तोकिए बमोजिम हुनेछ ।

(२) समितिको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक मध्ये सञ्चालकहरूले छानेको कुनै एक सञ्चालकले अध्यक्षता गर्नेछ ।

(३) कमसे कम दुई तिहाइ सदस्य उपस्थित नभई बैठक चालू हुनेछैन ।

(४) बैठकमा उपस्थित सञ्चालकहरूको बहुमतले गरेको निर्णय समितिले गरेको निर्णय ठहरिनेछ र कुनै प्रस्तावको पक्ष र विपक्षमा बराबर मत आएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(५) कुनै सञ्चालकको आफ्नो निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बैठकमा छलफल हुंदा सो बैठकमा सो सदस्यले भाग लिन वा मत दिन पाउने छैन ।

(६) प्रत्येक बैठकमा उपस्थित भएका सञ्चालकहरूको नाम, छलफलको निमित्त राखिएको विषय सूची, छलफल भएका विषयहरू र बैठकको निर्णय र तत्सम्बन्धी अन्य आवश्यक कुराहरू एउटा छुट्टै किताबमा छोटकरीमा लेखी राख्नु पर्छ ।

१३. बैंकले गर्न सक्ने काम कारोवारः– (१) बैंक कारोवारका अतिरिक्त बैंकले देहायको कुनै काम कारोवार गर्न सक्नेछः–

(क) श्री ५ को सरकार वा विदेशी सरकार जमानत भएको सिक्युरिटी, चल जायजेथा वा सो सम्बन्धी अधिकार पत्र,कम्पनीको शेयर वा डिवेञ्चर, बिल अफ् एक्सचेञ्ज वा प्रोमिसरी नोटको सुरक्षणमा रुपैयां कर्जा दिने वा लगानी लगाउने ।

(ख) ब्याज वा बिनाब्याजमा रुपैयां डिपोजिट लिने र रुपैयां डिपोजिट गर्नेको नाममा चल्ती खाता बचत खाता वा अन्य कुनै प्रकारको खाता खोल्ने ।

(ग) मेनेजिङ्ग एजेण्ट बन्न बाहेक कम्पनी, कर्पोरेशन वा अन्य कुनै संगठित संस्थाको शेयर वा डिवेञ्चरको निष्काशनमा मद्दत गर्न ग्यारेण्टी दिने र अण्डर राइट गर्ने लगायत एजेन्सी व्यवसाय गर्ने ।

(घ) बिल अफ् एक्सचेञ्ज, प्रोमिसरी नोट, चेक वा हुण्डी जारी गर्ने स्वीकार गर्ने, डिष्काउण्ट गर्ने वा खरीद विक्री गर्ने ।

(ङ) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै लेखिएको भए तापनि सुन, चांदी वा सुन चांदीको गहना बन्धकी लिई कर्जा दिने ।

(च) कुनै व्यक्तिसंग कुनै कारोवार गर्दा वा कर्जा दिंदा आफ्नो हितको संरक्षणको लागि आवश्यकता अनुसार शर्त गराउने र प्रचलित नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकले लगाएको कर्जा वा लगानी भुक्तानी गरी ऋणीले आफूले राखेको सुरक्षण निखन्ने, फिर्ता लिने कुराका सम्बन्धमा यस ऐनको अधीनमा रही जतिसुकै अवधिको भाखा राख्ने र सो भाखाभित्र कर्जा भुक्तान नगरेमा वा सो सम्बन्धमा कुनै शर्त भङ्ग गरेमा भाखाको अवधि समाप्त नहुंदै पनि बैंकले लिएको सुरक्षण बिक्री गरी आफ्नो लेखा बांकी असूल गर्ने र सो बमोजिम गर्दा असूल उपर नभएमा ऋणीको अन्य जायजेथाबाट असूल उपर गराई लिने ।

(छ) प्रतीत पत्र, ड्राफ्ट र ट्राभलर्स चेक निष्काशन गर्ने, डिष्काउण्ट गर्ने वा सकार गर्ने ।

(ज) श्री ५ को सरकारको सेक्युरिटी खरीद बिक्री गर्ने वा सकार गर्ने ।

(झ) प्रचलित नेपाल कानूनको अधीनमा रही विदेशी मुद्रा सम्बन्धी कारोबार गर्ने ।

(ञ) बैंकको जायजेथा धितो राखी कर्जा लिने ।

(ट) बैंकको जायजेथाको उचित प्रबन्ध गर्ने वा त्यस्तो जायजेथा बिक्री गर्ने, वा बहालमा राख्ने ।

(ठ) तीन महीनाको अवधि ननाघ्ने गरी बैंकले पत्याएका व्यक्तिलाई ओभर ड्राफ्ट दिने ।

(२) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकले लिने वा दिने ऋणको ब्याजको दर बैंक र सो ऋण लिने वा दिने व्यक्तिले मञ्जूर गरे बमोजिम हुनेछ ।

१४. बैंकको अन्य काम कारोवार:– (१) दफा १३ मा उल्लेख गरिएको काम कारोवारका अतिरिक्त राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकले राष्ट्र बैंकको शाखा प्रशाखा भएका ठाउंमा एजेंण्टको रूपमा काम गर्न र राष्ट्र बैंकको बैंकिङ्ग अफिस नभएको र राष्ट्र बैंकले अनुमति दिएको ठाउंहरूमा बैंकले देहायका कामहरू गर्न सक्नेछ:–

(क) श्री ५ को सरकारको तर्फबाट रुपैयां पैसा, सुन चांदी वा सेक्युरिटीहरू जिम्मा लिने, जम्मा गर्ने, राख्ने वा भुक्तानी दिने, र

(ख) राष्ट्र बैंकले अनुमति दिएको बैंक सम्बन्धी अन्य काम कारवाइ श्री ५ को सरकारको तर्फबाट गर्ने ।

(२) उप-दफा (१) बमोजिम आफूले गर्नु पर्ने कुनै काम बैंकले आफ्नो एजेण्ट मार्फत गर्न गराउन सक्नेछ ।

६२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (१) बमोजिम बैंकले गर्नु पर्ने काम कारवाईको शर्त बक र राष्ट्र बैंकद्वारा आपसमा निर्धारित गरे बमोजिम हुनेछ ।

(४) उप-दफा (३) बमोजिम बैंक र राष्ट्र बैंकका बीच भएको शर्तनामाको व्याख्या-को सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यसको निर्णयको निमित्त श्री ५ को सरकारमा जाहेर गरिनेछ र श्री ५ को सरकारबाट गरिएको निर्णय दुबैले मान्नु पनछ ।

१५. बैंकले गर्न नहुने कामः– बैंकले देहायको कुनै काम गर्न हुंदैनः–

(क) गुठीको सम्पत्तिको सुरक्षण लिई कर्जा दिन,

(ख) बैंकले निजी कामलाई आवश्यक भएकोमा बाहेक आफ्नो हकमा आएको अचल सम्पत्ति बिक्री नगरी सात वर्षभन्दा बढी अवधिसम्म राख्न,

(ग) बैंकको निजी कामको निमित्त आवश्यक भएकोमा बैंकमा बैंकले राखेको सुरक्षण फिर्ता दिंदा लिंदाको अवस्थामा बाहेक मालसामानको खरीद बिक्री सट्टा पट्टा वा व्यापार गर्न,

(घ) समितिले ठहर गरेमा बाहेक अचल सम्पत्तिको संरक्षण लिई कर्जा दिन वा बैंकको निजी कामलाई बाहेक कुनै अचल सम्पत्ति खरीद गर्न ।

१६. बैंकमा रहेको डिपोजिट सम्बन्धी व्यवस्थाः– (१) बैंकमा राखेको डिपोजिटमा सो डिपोजिट राख्ने व्यक्ति र निजको मृत्यु पछि निजको हकवाला बाहेक अरू कसैको कुनै दावी लाग्नेछैन ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकमा डिपोजिट रहेको रुपैयां उप-दफा (१) बमोजिम हक पुग्ने व्यक्तिको मञ्जूरीले बाहेक अन्य कुनै प्रकारले निजको डिपोजिट रुपैयां जफत वा अपहरण गरिनेछैन ।

तर– बैंकमा डिपोजिट राखेको रुपैयां नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा सरकारी तहबील मासी सो मासेको रुपैयांबाट डिपोजिट राखेको रहेछ भने सो धितो जमानत रहेको वा तहबील मसौट गरेको जति प्रचलित नेपाल कानून बमोजिम सो डिपोजिटबाट भरी भराउ हुन सक्नेछ ।

१७. जगेडा कोषको व्यवस्थाः– बैंकले प्रत्येक वर्ष आफ्नो खूद नाफाको कमसे कम बीस प्रतिशत जम्मा गरी जगेडा कोष कायम गर्नु पर्छ र राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई सो जगेडा कोष-बाट रुपैयां झिकी खर्च गर्न हुंदैन ।

१८. कोष खडा गर्नः– बैंकले जुनसुकै कार्यका लागि कोष खडा गरी ऋण दिन वा खर्च गर्न सक्नेछ ।

१९. वासलात (ब्यालेन्स शिट) र लाभ हानिको हर हिसाबः– आर्थिक वर्ष अन्त भएको ६ महीनाभित्र बैंकले आफ्नो वासलात र लाभ हानिको हिसाब राष्ट्र बैंकले तोकिदिएको

६२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढांचा र तरीका अनुसार तैयार पार्नु पर्छ र त्यसमा बैंकका मेनेजर, मुख्य एकाउण्टेण्ट र आधाभन्दा बढी सञ्चालकहरूको सहीछाप परेको हुनुपर्छ। त्यसरी तैयार गरिएको वासलात र लाभ हानिको हिसाबको प्रति बैंकले श्री ५ को सरकारका अतिरिक्त राष्ट्र बैंकमा समेत पठाउनु पर्छ।

२०. अडिट र अडिटरः– (१) बैंकको हर हिसाब अडिट गर्नलाई श्री ५ को सरकारले अडिटर नियुक्त गर्न सक्नेछ।

(२) उप–दफा (१) बमोजिम नियुक्त अडिटरले कम्पनी ऐन बमोजिम बैंकको अडिट गरी अडिटर रिपोर्ट बैंकका अतिरिक्त श्री ५ को सरकार र राष्ट्र बैंकलाई समेत दिनु पर्छ।

(३) अडिटरको अधिकार तथा कर्तव्य एवं नियुक्ति सम्बन्धी योग्यता कम्पनी कानून बमोजिम हुनेछ।

(४) अडिटरको पारिश्रमिक श्री ५ को सरकारले तोके बमोजिमको हुनेछ।

२१. कर्मचारीहरू नियुक्त गर्नेः– (१) बैंकले आफ्नो काम कारोवार सुचारुरूपले सञ्चालन गर्न आवश्यकतानुसार मेनेजर लगायत अफिसर, सल्लाहकार र अन्य कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ।

(२) उप–दफा (१) बमोजिम नियुक्त भएका व्यक्तिहरूको सेवाको शर्तहरू तोकिए बमोजिम हुनेछ।

२२. राष्ट्र बैंकले निरीक्षण गर्न सक्नेः– श्री ५ को सरकारको निर्देशन बमोजिम राष्ट्र बैंकले आफ्नो कर्मचारी खटाई बैंकको जुनसुकै अफिस जुनसुकै बखत निरीक्षण गराउन सक्नेछ।

(२) उप–दफा (१) बमोजिम निरीक्षण गर्ने कर्मचारीले मागेको खाता, हर हिसाब र कागजात र बैंक सम्बन्धी आवश्यक सूचना दिनु बैंकका सम्बन्धित अफिसर र कर्मचारीको कर्तव्य हुनेछ।

(३) उप–दफा (१) बमोजिम निरीक्षणको फलस्वरूप बैंकको कुनै कारवाईमा कुनै त्रुटि देखिएमा सो त्रुटि हटाउन वा बैंकको अन्य कुनै काम कारवाईको सम्बन्धमा कुनै किसिमको रिपोर्ट श्री ५ को सरकारमा प्रेषित गर्न राष्ट्र बैंकले आवश्यक देखेमा राष्ट्र बैंकले सुझाव सहितको रिपोर्ट श्री ५ को सरकारमा पठाउने छ।

(४) उप–दफा (३) बमोजिमको सुझाव सहितको रिपोर्ट प्राप्त भएपछि सो उपर विचार गरी श्री ५ को सरकारले बैंकलाई आवश्यक निर्देशन दिनेछ। यस्तो निर्देशनलाई कार्यान्वित गर्नु बैंकको कर्तव्य हुनेछ।

६२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. गोपनीयता र इमान्दारीको शपथ ग्रहण गराउनेः— (१) बैंकका कुनै अफिसर, सल्लाहकार, कर्मचारी वा सञ्चालकले आफ्नो कर्तव्य पालनको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा ब्यहोरा अनधिकृत व्यक्तिलाई थाहा दिनु हुंदैन ।

(२) बैंकमा सर्वप्रथम नियुक्त भएका प्रत्येक अफिसर र कर्मचारीले आफ्नो ओहदाको काम शुरू गर्नुभन्दा अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारीको शपथ ग्रहण गर्नु पर्छ ।

२४. सजायः— (१) कसैले जानी जानी वा बदनियतसाथ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै काम कारवाइ नगरी वा गर्न नहुने कुनै काम कारवाइ गरी बैंकलाई क्षति पुऱ्याएमा वा पुऱ्याउन उद्योग गरेमा नोक्सानी बिगो भए बिगो असूल गरी निजलाई तीन वर्षसम्म कैद वा तीन हजार रुपैयांसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले जानी जानी वा बदनियतसाथ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम राख्नु, बनाउनु, तैयार गर्नु वा पेश गर्नु पर्ने हिसाब किताब खाता विवरण वा अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तैयार गर्नु वा पेश गर्नु पर्ने समयमा राखेन, बनाएन तैयार गरेन वा पेश गरेन वा झुट्ठा विवरण वा कागजात बनायो वा पेश गऱ्यो भने निजलाई एक वर्षसम्म कैद वा एक हजार रुपैयांसम जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उप–दफा (१) र (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अरू कुनै कुरा उल्लंघन गरेमा निजलाई पांचसय रुपैयांसम्म जरिवाना हुनेछ ।

२५. कानूनी कारवाइः— बैंक पक्ष वा विपक्ष भएको मुद्दा मामिला अञ्चल अदालतले हेरी शुरू कारवाइ र किनारा गर्नेछ ।

२६. बैंकको खाता बही र अन्य स्रेस्ताको निरीक्षणः— कुनै मुद्दा मामिला वा अन्य कुनै कानूनी कारवाइको सिलसिलामा कुनै अधिकारीले बैंकको काम नरोकिने गरी बैंकको खाता बही वा अन्य कुनै स्रेस्ताको निरीक्षण गर्न सक्नेछ र त्यस्तो खाता बही वा स्रेस्ता त्यस्तो अधिकारी छेउ प्रस्तुत गर्नु बैंक तथा बैंकका सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

२७. लाभ हानिः— प्रत्येक आर्थिक वर्षको अन्तमा हुन आएको मुनाफाबाट यस ऐन बमोजिम बैंकले ब्यहोर्नु पर्ने व्यापारमा सार्नु पर्ने रकमहरू पर सारी बांकी रहन आएको रकम श्री ५ को सरकारको सञ्चित कोषमा दाखिल गरिनेछ ।

तर– भुक्तानी भएको पूंजी बराबरको पूंजी बैंकमा जम्मा नभएसम्म सो बमोजिम बांकी रकम सञ्चित कोषमा दाखिल गरिनेछैन ।

२८. असल नियतले गरेको काममा जवाफदेही हुनु नपर्नेः— (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको कुनै काम कारबाइको सम्बन्धमा सञ्चालक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा बैंकका अफिसर वा अन्य कुनै कर्मचारी व्यक्तिगत वा सामूहिक रूपले जवाफदेही हुने छैन ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालन गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीका सम्बन्धमा श्री ५ को सरकार, राष्ट्र बैंक वा बैंकका कुनै अफिसर वा कर्मचारीको विरुद्ध कुनै किसिमको नालिस वा उजूर लाग्नेछैन ।

२९. मध्यस्थताः– बैंक र अन्य कुनै वाणिज्य बैंकका बीचमा कुनै किसिमको मतभेद उठेमा राष्ट्र बैंकले मध्यस्थता गर्नेछ र अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस सम्बन्धमा राष्ट्र बैंकले दिएको निर्णय मान्य र अन्तिम हुनेछ ।

३०. काम कारवाइ बदर नहुनेः– सञ्चालकको नियुक्ति वा सञ्चालक समितिको गठनमा कुनै अनियमितता भएको वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले मात्र सञ्चालक वा समितिको कुनै काम कारवाइ बदर हुनेछैन ।

३१. बाधा अड्काउ फुकाउनेः– यस ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ र सो आदेश नेपाल गजेटमा प्रकाशित गरिनेछ ।

३२. बैंक र श्री ५ को सरकारको सम्बन्धमाः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बैंकले श्री ५ को सरकारसंग वा श्री ५ को सरकारले बैंकसंग सम्बन्ध राख्नु पर्दा श्री ५ को सरकार अर्थ मन्त्रालय मार्फत राख्नु पर्दछ ।

३३. बैंकको विघटनः– (१) श्री ५ को सरकारको आदेशले बाहेक बैंक विघटन हुनेछैन ।

(२) उप–दफा (१) बमोजिम बैंक विघटन भएमा श्री ५ को सरकारले सो कामको निमित्त लिक्विडेटरको नियुक्त गर्नेछ र सो बमोजिम नियुक्त भएको लिक्विडेटरको अधिकार एवं कर्तव्य कम्पनी ऐन अन्तर्गतको सरकारीया लिक्विडेटर सरह हुनेछ ।

३४. प्राथमिकताको क्रमः– बैंक विघटन गर्दा निम्नलिखित प्राथमिक क्रमानुसार ऋणको भुक्तानी दिइनेछः–

(क) लिक्विडेशनलाई लाग्ने खर्च,

(ख) मजदूरहरूको दिन बांकी मजूरी,

(ग) बैंक अफिसर तथा कर्मचारीले पाउनु पर्ने पारिश्रमिक,

(घ) राष्ट्र बैंकसंग लिएको कर्जा रुपैयां,

(ङ) मालपोत कर वा अन्य सरकारी वा स्थानीय स्वायत्त शासनलाई कानून बमोजिम बुझाउनु पर्ने रकम,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) मुद्दती खाताको डिपोजिटहरू,
(छ) अन्य डिपोजिटहरू,
(ज) अरू ऋणहरु ।

३५. नियम बनाउने अधिकारः– (१) आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न र यस ऐनको उद्देश्य कार्यान्वित गर्न बैंकले नियम बनाउन सक्नेछ ।

तर सो नियम श्री ५ को सरकारबाट स्वीकृत हुनुपर्छ ।

(२) उप–दफा (१) ले दिएको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नियमद्वारा खास गरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछः–

(क) समितिको बैठक बस्ने समय, स्थान र तत्सम्बन्धी कार्यविधि बारे,
(ख) समितिले बैंकको मेनेजर वा अन्य प्रशासकीय अफिसरलाई र मेनेजर वा प्रशासकीय अफिसरले आफूभन्दा मुनिका कर्मचारीलाई अख्त्यारी सुम्पने बारे,
(ग) बैंकका अफिसर, सल्लाहकार, कर्मचारीहरूको नियुक्ति, प्रमोशन, सरुवा, बर्खासी, पारिश्रमिक, पेन्शन, उपदान, बोनस, बिदा, आचरण एवं अनुशासन र सेवा सम्बन्धी शर्तहरू बारे,
(घ) सञ्चालकलाई बैंकका तर्फबाट दिइने पारिश्रमिक बारे,
(ङ) बैंकले राख्न पर्ने हर हिसाब, खाता, बही वा अन्य स्रेस्ता कागजात र त्यसको ढांचा बारे,
(च) बैंकको छाप चलाउने बारे,
(छ) बैंकका तर्फबाट गरिने पट्टा कबूलियत सम्बन्धी कुराहरू बारे,
(ज) बैंकका तर्फबाट गर्नु पर्ने मुद्दा मामिला वा अन्य कानूनी कारवाइको परिचालन बारे,
(झ) बैंकका कर्मचारीहरूको निमित्त सञ्चय कोष वा अन्य कुनै कोष खडा गर्ने र त्यस्तो व्यवस्था गर्ने बारे,
(ञ) जगेडा कोष र अरू कोष सम्बन्धी व्यवस्थाहरू बारे, र
(ट) साधारणतः यो ऐन अन्तर्गत बैंकले गर्नु पर्ने अन्य सबै काम कारोवारको सुव्यवस्था बारे ।

३६. बाझिएमा गर्नेः– यो ऐन र यो ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएको कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०२१।१२।२६।१ मा

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह–सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।